# धुलिखेल नगरपालिकाले आ.व.०७९।०८० मा सम्पादन गरेका कार्यहरुको नगर तथा वडास्तरीय बार्षिक प्रगति समिक्षा कार्यक्रम

## आश्विन २२ र २३ गते,२०८०

# प्रतिवेदन


प्रस्तुतकर्ता

धुलिखेल नगरपालिका

काभ्रेपलाञ्चोक, धुलिखेल

## भूमिका (Background)

समिक्षा कार्यक्रमको मुख्य उद्देश्य भनेको तोकिएको परिमाण, गुणस्तर, समय र लागतमा कार्यक्रमहरु सम्पन्न गर्नका लागि राखिएको उद्देश्यहरु पुरा भयो वा भएन सेवाग्राहीहरुलाई प्रदान गरिएको सेवाको अवस्था के कस्तो छ , उपलब्धिहरु के कस्तो भयो र समस्या र चूनौतीहरु के थिए र समाधानको उपायहरु के के अवलम्बन गरियो आदि कामको लागि समिक्षा गरिन्छ। यो कार्यक्रमले लिएको लक्ष्य तथा उद्धेश्य हांसिल गर्ने व्यवस्थापकिय उपकरण हो । स्थानीय तहको समग्र विकासको अवधारणालाई व्यवहारमा उतार्न र स्थानीय सरकारको रुपमा जिम्मेवार, जवाफदेहीपूर्ण र सेवामुखि तुल्याई स्थानीयस्तरमा सुशासन कायम गर्न बार्षिक समिक्षा एउटा महत्वपुर्ण कडिको रुपमा रहेको छ । यस अर्न्तगत नगरपालिकाले आ.व. ०७९।०८० मा नगरसभाबाट पारित गरेको बार्षिक नीति तथा कार्यक्रमहरु के कति परिमाणमा सम्पन्न भए कति योजना तथा कार्यक्रमहरु सम्पादन गर्न सकिएन आदि विषयलाई समेटेर वडा तथा नगरपालिकाको बार्षिक प्रगति समिक्षा कार्यक्रम संचालन गरियो। यसरी बार्षिक रुपमा कार्यालयवाट भए गरेका कामहरुको समिक्षा गर्दा कार्यक्रम संचालन कतिको प्रभावकारी भयो, कामको दौरानमा के कस्ता खालका समस्याहरु आए, ति समस्याहरुको समाधान कसरी गरियो भन्ने विषयमा केन्द्रित भएरनै संचालन गरियो। यसले आगामि दिनमा कार्यालयवाट सम्पादन गरिने कामहरुलाइ अझै प्रभावकारी बनाउँनका लागि सरोकारवालाहरुसंग सुझावहरु समेत संकलन गरियो । नगरपालिकाका विभिन्न शाखाहरु तथा वडाहरुले सम्पादन गरेका कामहरुमा उठेका सवालहरुको सम्बन्धित शाखा, नगर प्रमुख उपप्रमुख तथा वडा अध्यक्षज्यूहरुवाट स्पष्ठ पार्ने समेत काम समिक्षा कार्यक्रम गरियो ।

## २. समिक्षा कार्यक्रमको उद्देश्य (Objectives of the Review)

धुलिखेल नगरपालिकाले आ.व. ०७९।०८० मा सम्पादन गरेको कार्यक्रमहरुको समग्र बार्षिक प्रगतिको समिक्षा गर्नु मुख्य उद्धेश्य रहेको यस बार्षिक प्रगति समिक्षा कार्यक्रमको देहाय बमोजिमका बिशिष्ट उद्देश्यहरू रहेका थिए ।

- नगरका १२ वटै वडाहरू र नगरपालिका भित्र रहेका शाखाहरूले सम्पादन गरेका कामहरूको बार्षिक समिक्षा गर्ने।
- कार्य सम्पादनमा भए गरेका उल्लेखनिय कामहरूको उजागर गर्ने ।
- कार्य सम्पादनमा आएका समस्याहरूका बारेमा समिक्षा गर्ने ।
- समस्याहरूको निराकरण कसरी गर्ने र आगामि दिनहरूमा कसरी अगाडि बढ्ने सो को मार्ग प्रसस्त गर्ने ।

## ३. समिक्षको संचालन विधि (Methodologies)

समिक्षा कार्यक्रमले कैयौं महत्वपूर्ण पक्षलाई समेटने हुनाका साथै ज्यादै गम्भिर प्रकृतिको कार्य भएकोले उक्त समिक्षा कार्यक्रम संचालनको सिलसिलामा निम्नानुसार विधि अपनाइयो :

- नगरपालिकाको वडास्तर तथा नगरस्तरमा हालसम्मको प्रगतीको प्रस्तुतीकरण ।
- अन्य सहजीकरण ।

## ४. अवधि (Duration)

यस कार्यत्रमको अवधि २ दिन रहेको थियो । कार्यक्रम चालु आ.व.को पहिलो त्रैमासिक भित्र सम्पन्न गरिसक्नुपर्ने भएको हुँदा मिति २०८० आश्विन २२ र २३ गते समिक्षा कार्यक्रम संचालन गरियो

**५. सहभागीहरु (Participants)**

वडा र नगरस्तरका गरी प्रति दिन जम्मा १६० जना गरी ३२० जना सहभागिहरुको सहभागिता रहको थियो ।

**पहिलो दिन :**

समिक्षा कार्यक्रमको पहिलो दिन विशेष गरि वडास्तरीय समिक्षा गरियो वडा नम्बर १ देखि १२ वटै ( ८ नम्बर वडा बाहेक) वडाहरुले आ.व.२०७९।०८० मा सम्पन्न गरेका कृयाकलापहरु, अनुकरणीय कामहरु,समस्या तथा चुनौतीहरु र समस्या समाधानका लागि गरिएका प्रयासहरुका बारेमा छुट्टाछुट्टै प्रस्तुतीकरण गर्नु भएको थियो । (सवै वडाहरुबाट प्रस्तुतिकरण भएका स्लाईडहरु यसै प्रतिवेदनमा समावेश गरिएको छ ) उक्त समिक्षामा आएका मुख्य सवाल तथा सुझावहरु निम्न रहेका थिए :

- वडाको भूगोलका आधारमा बजेटको ब्यवस्थापन हुनुपर्ने । हाल वडाहरुलाई विनियोजन गरिएको बजेट न्युन हुनु ।
- कतिपय वडाहरुमा कर्मचारीहरु न्युन रहनु । कामको चापको आधारमा कर्मचारीहरुको ब्यवस्थापन हुनुपर्ने
- प्राविधिक सेवा अलि चुस्तदुरुस्त नभएको । प्राविधिकहरुलाई अलि फिल्डमा भएको कामका लागि प्रभावकारी रुममा परिचालन गर्नुपर्ने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना संचालन तथा लेखा ब्यवस्थापन सम्बन्धि तालिम कार्यक्रम संचालन गर्नुपर्ने ।
- वडाहरुलाई उपलब्ध गराईएको प्रशासनिक खर्च कम हुनु सो को दायरा बढाउँनु पर्ने ।
- योजनाहरुको कार्यान्वयन ठेकेदारबाट गर्नु भन्दा उपभोक्ता समितिहरुबाटै संचालन गर्नुपर्ने ।
- वडाबाट गरिने सिफारिशहरुका बारेमा एकरुपता ल्याउनुका साथै वडा अध्यक्ष तथा कर्मचारीहरुलाई क्षमता विकास तालिम कार्यक्रम संचालन गर्नुपर्ने ।

दोश्रो दिन

समिक्षा कार्यक्रमको दोश्रो दिन नगरपालिका भित्रका विभिन्न शाखाहरुबाट संचालन गरिएका उल्लेखनिय कार्यक्रम, समस्या तथा चुनौतिहरु तथा सो समाधानका लागि गरिएका प्रयासहरु प्रस्तुतिकरण गरियो । सो प्रस्तुतिकरणका स्लाईडहरु यसै प्रतिवेदनको तल समावेश गरिएको छ। उक्त समिक्षामा उठेका सवाल तथा सुझावहरु निम्न रहेको थिए :

- कर्मचारी संगठनात्मक तालिका बोमिजम अझै समाहित गर्न नसकिएको ।
- सामाजिक सुरक्षा भत्तालाई EFT को माध्यमबाट वितरण गर्न शुरु गरिएको ।
- धुलिखेल स्वस्थ शहर कार्यक्रमलाई विशेष जोड दिई सचालन गरिएको ।
- स्वास्थ्य क्षेत्रमा आन्तरिक बजेटको बढोत्तरी गर्नुपर्ने ।
- वडाहरुबाट समेत स्वास्थ्य केन्द्रहरुलाई थप बजेटको ब्यवस्था गर्नुपर्ने ।
- तोकिएको बजेट ब्यवस्थापनका लागि समस्या भएको । नेपाल सरकारबाट प्राप्त हुनुपर्ने बजेट न्युन हुँदा बजेट सिलिङ्ग घटेको ।

- **सानो** क्षेत्र भएको नगरपालिका भएको हुँदा राजश्व न्युन हुनु । करका दायराहरुलाई फराकिलो बनाउँनु पर्ने ।

# कार्यक्रमका केहि झलकहरु तस्बिरमा










8:57:52




12:02:47








8:57:52

